कावासोती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं. : २०८१/०८२
च.नं. : ३८६५

मिति : २०८१।१२।०७
ने.सं. : ११४५ चिल्लागा ६ बिहीबार

**विषय : निर्देशन सम्बन्धमा।**

श्री संस्थागत विद्यालय (सवै)
कावासोती नगरपालिका, नवलपरासी (व.सु.पू)।

प्रस्तुत विषयमा मिति २०८१।१२।०६ को नगर शिक्षा समितिको निर्णयानुसार कावासोती नगरपालिका भित्र सञ्चालित संस्थागत विद्यालयहरुले तपशिल अनुसारको कार्य गर्नु गराउनुहुन अनुरोध गरिन्छ।

**तपशिल**

**१. शुल्क निर्धारण सम्वन्धमा:**

**"शिक्षा नियमावली, २०५९"** (संसोधन समेत) को नियम १४६ को व्यवस्था अनुसार शुल्क निर्धारण गर्ने। शुल्क निर्धारणको वस्तुगत आधार तयार गर्दा **"शिक्षा नियमावली, २०५९"** को अनुसूची २२ तथा संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ लाई आधार लिने र विद्यार्थीको शुल्क दर कायम गर्दा त्यस विद्यालयमा अध्ययनरत बहुसंख्यक विद्यार्थीको अभिभावकवाट शुल्क समर्थन निर्णय गराउने र प्रस्तावित शुल्क विवरण तयार गर्ने। यसरी शैक्षिक सत्र २०८२ को लागि शुल्क प्रस्ताव तयार गरी शिक्षा, युवा तथा खेलकुद शाखामा मिति २०८१।१२।२० गते भित्र पेश गर्नुहुन।

**२. छात्रवृत्ति उपलब्ध गराउने सम्वन्धमा:**

- **"अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५"** को उपदफा (३) मा उल्लेख भए बमोजिम प्रारम्भिक वालविकास कक्षा देखि वाह्र कक्षा सम्म सञ्चालित प्रत्येक संस्थागत विद्यालयले देहाय अनुसारको संख्यामा निशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्नेछ।

| विद्यालयको कुल विद्यार्थी संख्या | निशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण % |
|---|---|
| ५०० जना सम्म विद्यार्थी भएमा | कम्तिमा १०% |
| ५००-८०० जना सम्म विद्यार्थी भएमा | कम्तिमा १२% |
| ८०० भन्दा वढी विद्यार्थी भएमा | कम्तिमा १५% |

- यसरी आरक्षण गरिने स्थान गरिवीको रेखामुनि रहेका दलित, जनजाति, महिला, अपाङ्ग लगायतका संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि २०७४ ले व्यवस्था गरेको लक्षित समूहलाई लक्षित गर्ने।
- शैक्षिक वर्ष सुरुहुन भन्दा अगावै अघिल्लो शैक्षिक वर्षको विद्यार्थी संख्याको आधारमा निःशुल्क अध्ययन छात्रवृत्ती कोटा निर्धारण गरी छात्रवृत्तीमा अध्ययनका लागि विद्यार्थीवाट आवेदन माग गर्ने।
- विद्यालय व्यवस्थापन समितिको निर्णयवाट छात्रवृत्ति प्राप्त विद्यार्थी छनौट गरी विवरण सार्वजनिक गर्नुपर्नेछ। सोको विवरण सहित जानकारी नगरशिक्षा शाखामा पेश गर्नुपर्नेछ।

**३. पाठ्यसामग्री, पोषाक तथा अन्य शैक्षिक सामग्री खरिद तथा प्रयोग सम्वन्धमा:**

- विद्यालयहरुले जनक शिक्षा सामग्री वाहेकका पाठ्य सामग्री लागू गर्न चाहेमा पाठ्यक्रम विकास केन्द्रवाट स्वीकृत प्राप्त सामग्री मात्र लागू गर्ने। यसरी लागू गर्नु पूर्व **"शिक्षा नियमावली २०५९" को** नियम ३५ को व्यवस्था अनुसार गर्ने।
- पाठ्यपुस्तक, पाठ्यसामग्री, पोषाक लगायतका शैक्षिक सामग्री विद्यालयवाट विक्री वितरण नगर्ने। कुनै एउटा पसलको मात्र एकाधिकार रहनेगरी निर्देशन तथा व्यवस्थापन नगर्ने /नगराउने।
  शैक्षिक वर्ष २०८२ मा लगाइने पाठ्यसामग्रीको कक्षागत विवरण सूची नगरशिक्षा शाखामा पेश गर्ने।

०८१।१२।०७

(हेमचन्द्र पौडेल)
नगर शिक्षा अधिकारी